# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र सङ्ख्या :- २०८१।८२

चलानी नं. :-

शिक्षक तथा कर्मचारी बैंक तयार गर्ने परीक्षाको विज्ञापन

( दोस्रो पटक प्रकाशित मितिः२०८१।०६।२२)

बबई गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त भएका र आगामी दिनमा रिक्त हुने तपसिल अनुसारका करार, राहत, सङ्घीय शिक्षण सिकाइ अनुदान र पालिका अनुदान पदमा करार पदपूर्ति गर्नका लागि बबई गाउँपालिकाको "**गाउँपालिकाको विद्यालयमा रिक्त हुने शिक्षक, कर्मचारी पदपूर्तिको लागि एकिकृत परीक्षा प्रणालीबाट शिक्षक, कर्मचारी बैङ्क तयार गर्ने कार्यविधि, २०८१**" बमोजिम प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी शिक्षक, कर्मचारी बैङ्क तयार गर्नु पर्ने भएकोले न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यसैसाथ संलग्न ढाँचाको दरखास्त फाराम भरेर पेस गर्नुहुन यो विज्ञापन प्रकाशन गरिएको छ ।

१. विज्ञापनको विवरण:

| क.स | विज्ञापन नं. | पद | तह | श्रेणी | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १(क)/२०८१।८२ | शिक्षक | माध्यमिक तह | तृतीय | अंग्रेजी | |
| ३ | १(ख)/२०८१।८२ | शिक्षक | माध्यमिक तह | तृतीय | विज्ञान (भौतिक) | |

२. **पारिश्रमिक तथा अन्य सुविधाः-** योग्यताक्रम सहितको सूचिबाट सिफारिस भई विद्यालयमा नियुक्ति भए पश्चात सम्बन्धित पद, तह, कोटा र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे वमोजिमको र पालिकाको शिक्षण सिकाइ अनुदानको हकमा गाउँपालिकाले तोके वमोजिमको पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध हुनेछ ।

३. **परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालनः-** माध्यमिक तह शिक्षक पदको हकमा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमका आधारमा परीक्षा सञ्चालन गरिनेछ।कार्यविधि कार्यालयको Website-https://babaimun.gov.np मा राखिएको छ ।

४. **परीक्षा सञ्चालनः-** परीक्षा सञ्चालन हुने मिति, समय र स्थानको बारेमा विज्ञापनको समय समाप्त भए पश्चात कार्यालयबाट सूचना प्रकाशन गरिनेछ।

५. **दरखास्त दस्तुरः-** देहायको पदमा तथा तहको लागि तपसिल अनुसारको दस्तुर कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

क) माध्यमिक तहको शिक्षक पदको लागि रु २०००।–

६. दरखास्त दिने अन्तिम मितिः- २०८१।०७।१४ गते

७. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः-

चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल


पत्र सङ्ख्या :- २०८१।८२

चलानी नं. :-

क) नेपाली नागरिक

ख) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

ग) माध्यमिक तहको हकमा शिक्षक सेवा आयोगद्वारा सम्बन्धित तहका लागि पछिल्लो पटक प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिमको शैक्षिक योग्यता पुरा भएको, माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

८. उम्मेदवारले पेस गर्नुपर्ने आवश्यक कागजातहरुः-

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

ख) दरखास्त दस्तुर बुझाएको भौचरको सक्कल प्रति,

ग) सम्बन्धित तहको लागि तोकिएको शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भए मार्कसिट/ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

घ) यसै साथ संलग्न गरिए अनुसार दरखास्त फाराम भरेका कागजातहरु,

(चेत नारायण कंडेल)
प्रमुख प्रशासकीय अधिकृत

चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत